**इलाम नगरपालिका**

**इलाम नगरपालिकाको राजपत्र**

**खण्ड ६ संख्या २ मिति २०७९।९।२८**

# भाग-२

**इलाम नगरपालिका नगरकार्यपालिकाबाट पारित सुरक्षित आप्रवासन आपतकालीन कोष व्यवस्थापन तथा सञ्चालन निर्देशिका- २०७९ सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## इलाम नगरपालिका

सुरक्षित आप्रवासन आपतकालीन कोष व्यवस्थापन तथा सञ्चालन निर्देशिका- २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९।१२।४

प्रमाणीकरण मिति २०७९।१२।४

**प्रस्तावनाः**

वैदेशिक रोजगारीमा असफल भएका व्यक्तिहरु अति नै कठिनाईको सामना गदै विपदमा परेर कतिपयले मृत्यु समेत वरण गर्न वाध्य हुनु परेको छ । यस्ता व्यक्तिहरुलाई सन्तानको लालन–पालन तथा शिक्षा–दिक्षामा धेरै समस्या झेल्नु परिरहेको अवस्था छ । ठूलो रकमचर्को व्याज दरमा ऋण लिई वैदेशिक रोजगारीमा जाने वाध्यताले गर्दा घर घडेरी समेत गुमाएको उदाहरणहरु पनिछन् । वैदेशिक रोजगारीमो क्रममा मनोसामाजिक समस्याले मृत्यु भएकाहरुको परिवार समेत टुटेको कतिपय घटना जिल्लामा देखा परेको छ । यसरी मृत्यु भएर आश्रयहीन भएका वा मनोसामाजिक कारणले विखण्डित परिवारको अभिभावक एवं बच्चाहरुमा असर परेर तिनिहरुको जीवन अन्धकारमय बनेको छ ।

**यसरी योगदान पुर्याई रहेको आप्रवासी र तिनका परिवार समस्यामा पर्दा वैदेशिक रोजगार बोर्डले क्षतीपूर्ति** स्वरुप केही रकम व्यवस्था गरेको छ । वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्की आएका कामदार तथा निजको सामाजिक सुरक्षा तथा सहायताको लागि र मर्कामा परेको व्यक्ति तथा परिवारहरुलाई गरेको योगदानको कदर स्वरुप तुरुन्त राहत दिनु पर्ने व्यवस्थाको आवश्यकता लाई मध्यनजर गर्दै इलाम नगरपालिकाको मातहतमा रहने गरी एक सुरक्षित आप्रवासन आपतकालीन कोष स्थापना गरी सचालन गर्नु बान्छनीय भएकोले इलाम नगरपालिकाको प्रशासकीय कार्यविधि नियिमत गर्ने ऐन २०७४ को दफा ४ उपदफा १ बमोजिम सुरक्षित आप्रवासन आपतकालीन कोष व्यवस्थापन तथा सञ्चालन निर्देशिका- २०७९ नगर कार्यपालिकाको मिति २०७९।१२।४ को निर्णयबाट जारी गरिएको छ ।
गरिनेछ ।

### भाग १

### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "सुरक्षित आप्रवासन आपतकालीन कोष व्यवस्थापन तथा सञ्चालन निर्देशिका- २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आप्रवासी" भन्नाले वैदेशिक रोजगारीमा गएका वा फर्की आएका व्यक्ति वा समूहलाई जनाउँछ ।

(ख) " परिवार" भन्नाले वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी वा आमाबाबु तथा महिलाको हकमा नीजको सासु ससुरा समेतलाई जनाउँछ।

(ग) "आर्थिक सहायता" भन्नाले वैदेशिक रोजगारीमा गएका तथा फर्केका परिवार स्वास्थ्य एवं आर्थिक सामाजिक समस्यामा पर्दा आपतकालीन कोषबाट प्रदान गरिने रकमलाई सम्भनु पर्छ ।

(घ) "कार्यक्रम " भन्नाले वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र उपलब्धी मुलक बनाउन काम गर्ने कार्यक्रमलाई बुझ्नु पर्दछ ।

(ङ) "आप्रवासी स्रोत केन्द्र" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रमले सञ्चालन गरेको सुरक्षित वैदेशिक रोजगारीका लागि आप्रवासी स्रोत केन्द्रलाई जनाउँछ ।

(च) "समिति"भन्नाले आप्रवासी स्रोत केन्द्र स्थित नगरपालिकाको नगर प्रमुखको अध्यक्षतामा गठन भएको कोष व्यवस्थापन समितीलाई जनाउँछ ।

(छ) "अध्यक्ष" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि गठन गरिएको स्थानीय कार्यक्रम व्यवस्थापन समितीका अध्यक्षलाई जनाउँछ ।

(ज) "सदस्य सचिव" भन्नाले स्थानिय तहमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि नियुक्त कार्यक्रम फोकल पर्सनलाई बुझिन्छ ।
(झ) "निर्देशिका" भन्नाले सुरक्षित आप्रवासन आपतकालीन कोष सञ्चालन निर्देशिका, २०७९ लाई जनाउँछ ।
(ञ) "दातृ पक्ष" भन्नाले कोष तथा कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने नियोग, संघ,संस्था र संगठन, व्यक्तिलाई जनाउँछ ।
(ट) "सुरक्षित आप्रवासन आपतकालीन कोष " भन्नाले वैदेशिक रोजगारीमा गएका तथा फर्केका व्यक्ति तथा निजका परिवार आपतमा पर्दा सहयोगका लागि यसै निर्देशिका बमोजिम स्थापना गरिने कोषलाई बुझाउँछ ।
(ठ) "सुचना तथा परामर्श सेवा" भन्नाले वैदेशिक रोजगारीलाई सुरक्षित र उपलब्धी मुलक बनाउनका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय ज्ञानलाई जनाउँछ ।
(ड) "साझेदार संस्था " भन्नाले कार्यक्रम सञ्चालनका लागि प्रविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउँछ ।
(ढ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई जनाउँछ।
(ण) "सामी "भन्नाले नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत स्विस सरकारको आर्थिक तथा प्रविधिक सहयोगमा सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) लाई जानउँछ ।
(त) "वैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्भनु पर्दछ ।
(थ) "कामदार"भन्नाले वैदेशिक रोजगार व्यवस्था बमोजिम पारिश्रमीक पाउने नेपाली नागारीक सम्भनु पर्छ ।
(द) "विभाग"भन्नाले वैदेशिक रोजगार विभाग सम्भनु पर्छ ।

भागः- २

**३ लाभान्वित वर्गः-**

३.१ वैदेशिक रोजगारमा गएका वा गएर फर्केका तथा भाग नं. '१' को 'ख' बमोजिमका परिवार यस कोषको लाभन्वित वर्ग हुनेछन् ।

भागः- ३

**४ सुरक्षित आप्रवासन आपतकालीन कोष स्थापन, प्रयोग तथा सञ्चालन**

कोषको स्थापना तथा व्यवस्थापनः

४.१ वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्कि आएका कामदार तथा नीजको सामाजिक सुरक्षार कल्याणको लागि नगरपालिकाको निर्णय अनुसार पालिकाको मातहत रहने गरी एक सुरक्षित आप्रवासन आपतकालीन कोषको स्थापना गरिनेछ ।

नगर प्रमुखको अध्यक्षतामा निम्न बमोजिमको ७ सदस्यीय कोष व्यवस्थापन समितिको गठन हुनेछ।

अध्यक्ष- नगर प्रमुख
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य- आर्थिक विकास समिति संयोजक
सदस्य- सामाजिक विकास समिति संयोजक
सदस्य- रोजगार संयोजक
सदस्य सचिव- फोकल पर्सन, सुरक्षित आप्रवासन कार्यक्रम

आवश्यकता अनुसार तथा विषयको गम्भीरतालाई मध्यनजर गरी स्थानीय प्रहरी / प्रशासन तथा विशेषज्ञ संस्थाको सहयोग लिन सकिनेछ ।

४.२ सुरक्षित आप्रवासन आपतकालीन कोषमा देहाय बमेजिमको रकम जम्मा गरिनेछः

(क)सम्भाव्य आप्रवासी तथा आप्रवासी कामदारहरुले देश, विदेशबाटसहयोग स्वरुप प्रदान गर्ने रकम तथा कल्याणको लागि जम्मा गर्ने रकम।
(ख) नेपाल सरकार तथा विषयगत निकायहरुबाट वार्षिक कार्यक्रम मार्फत उपलब्ध गराउने रकम
(ग) दातृ पक्षबाट उपलब्ध गराइएको रकम ।
(घ) नगरपालिकाले विनियोजन गरेको रकम।
(ङ) सामुदायिक संघ संस्था तथा निजि क्षेत्रबाट प्राप्त भएको रकम।
(च)स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम ।
(छ) वैदेशिक रोजगारमा गएका व्यक्ति तथा निजको परिवार सदस्य, वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति, जान लागेको व्यक्ति लगायत इच्छुक व्यक्तिहरुले स्वेच्छिकरूपमा सहयोगस्वरूप प्रदान गरेको रकम।
(ज) अन्यश्रोत बाट प्राप्त रकमहरु ।

४.३ कोषको प्रयोग तथा संचालनः-

कोषको प्रयोगः

सुरक्षित आप्रवासन आपतकालीन कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछ ।

(क) कामदारको अङ्ग-भङ्गभई, दीर्घरोगी भएका वा मृत्युका कारणबाट वा अन्य कारणबाट आर्थिक र सामाजिक लागतमा ह्रास भएको कामदार वा नीजको परिवारलाई तत्काल राहतका लागि सहयोग प्रदान गर्न ।
(ख) वैदेशिक रोजगारीको क्रममा ५ वर्ष वा सो भन्दा बढि सम्पर्क विहिन भएका वा मृत्यु भएका व्यक्ति रअङ्ग-भङ्गभई, आर्थिक अभावका कारण बच्चाहरु विध्यालय जान नसक्ने अवस्था भएका कामदारको सन्ततीलाई शैक्षिक निरन्तरताका लागि माध्यमिक स्तर सम्मको शिक्षामा सहयाता प्रदान गर्ने ।
(ग) वैदेशिक रोजगारीको क्रममा वा त्यसको कारण मृत्यु भएको कामदारको अन्त्येष्टी वा दाह संस्कार गराउन तत्काल सहयोग गर्ने ।
(घ) वैदेशिक रोजगारीको क्रममा अलपत्र परी आर्थिक अभावका कारण समस्यामा परेको व्यक्तिलाई स्वदेश फर्काउन ।

माथि उल्लेखित बुँदाहरूले परिभाषित गरको (समेट्ने) व्यक्ति तथा लाभग्राहीहरुलाई घटनाको प्रकृति अनुसार समितिको निर्णयानुसार बढीमा रू ५० हजार सम्म आर्थिक सहायता प्रदान गरिने छ।

कोषको सञ्चालनः

(क) दफा नं ३.३ बमोजिम गठन भएको कोष सञ्चालन समितिले कोषको सञ्चालन गर्नेछ ।

(ख) कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा वैदेशिक रोजगारीमा देखिएको समस्याहरु जस्तैः मृतक परिवारलाई अन्त्येष्टिका लागि दिईने खर्च रकम, आप्रवासीकामदारका वालवालिकाहरुका लागि शिक्षा, आप्रवासी कामदारमा परिवारका लागि स्वास्थयोपचार एंव मनोसामाजिक उपचार आदि जस्ता खर्च शिर्षकहरुको व्यवस्थापनको लागि कोषको परिचालन गरिनेछ।

(ग) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(घ) कोषको आन्तरीक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट र अन्तिम लेखा परिक्षणको कार्यलयबाट हुनेछ ।

भागः- ४

**५. कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः**

५.१ वैदेशिक रोजगारीमा गएका वा फर्केका व्यक्ति वा निजका परिवारका लागि सहयोग गर्न कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)कोषमा प्राप्त हुन आएको रकमलाई समयमै जम्मा गरी सोको अभिलेख राख्ने ।

(ख)कोषमा रहेको रकम स्विकृत निर्देशिका अनुसार खर्च तथा व्यवस्थापन गर्ने ।

(ग) कोषको बार्षिक रुपमा लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने र वित्तिय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन सम्वद्ध निकाय र दातृ निकायलाई लेखा परिक्षण समाप्त भएको एक महिना भित्र पठाउने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता कायम गर्ने ।

(ङ) कोषको दुरुपयोग हुननदिने ।

(च) कोषको बार्षिका योजना तर्जुमा र कार्यान्वियन गर्ने र कोषको पूर्ण उपयोगको (value of money) सुनिश्चितता गर्ने ।

(छ) कोषको नियमित प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पठाउने ।

(ज) लेखा परिक्षणबाट औल्याइएका कैफियत तथा वेरुजुहरुलाई १५ दिनभित्र फर्छौट गराउने व्यवस्था मिलाउने । यसरी लेखा परिक्षण गर्दा असुल उपर गर्न देखिएको रकमका हकमा नियम अनुसार असुल उपर गराउने ।

५.२ कोषको लेखा नेपाल सरकारको लेखा प्रणालीमा आधारित रहेर प्रचलित एन, कानून अनुसार राखिनेछ । पालिका स्तरमा आ.लो.प भएको कारण

५.३ कोषलाई व्यवस्थित, प्रभावकारी र पारदर्शि बनाउन आवश्यकता अनुसार उप-समितिहरु बनाउन सक्नेछ साथै उपयोगिता नभएको अवस्थामा भंग गर्न सक्नेछ ।

**६ अनुगमन र जाँचबुझ सम्बन्धिको व्यवस्थाः**

(क) यो निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार भए-नभएको वा कुनै किसिमको अपार्दशिता देखिएको सम्बन्धमा स्थानीय कार्यक्रम समन्वय समितिले अनुगमन गर्ने सक्नेछन् ।

(ख) कुनै पनि किसिमको शंकास्पद काम भएमा वा भएको लागेमा वा दुरुपयोग भएमा विशेष अनुगमन समितिले हरेक दस्तावेजहरुको जाचबुभ गर्न सक्नेछन । त्यसरी जाँचबुभ गर्दा कसुर ठहरिएका व्यक्ति वा समुह माथि नेपालको प्रचलित एन, कानून बमोजिम दण्ड सजाय हुनेछ ।

**७ आर्थिक सहायतता माग गर्ने प्रकृयाः**

क) एका घरको परिवारवा ( नाता खुल्ने गरि नाता-प्रमाणित ) अनुसुचि १,२,३,४,५ मा आधारित निवेदन सहित वैदेशिक रोजगारीसंग सम्बन्धित सम्पूर्ण कागज पत्रहरु संकलन गरी वडाको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

ख) निवेदन, वडाको सिफारिस र वैदेशिक रोजगारिमा गएको प्रमार्णित हुन कागजतको आधारमा सुरक्षित आप्रवासन आपतकालीन कोष व्यवस्थापन समितिले सेवाग्राहीको अवस्था हेरी आवस्यकता अनुरुप आर्थिक सहायताका लागि निर्णय गर्ने ।

अनुसूची-१

(भाग ३ को दफा ३)

मिति : ..................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
इलाम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
इलाम ।

**विषय : उद्धार गरिपाउँ ।**

मिति ................................ विभागबाट स्वीकृति लिई ................................................ इजाजतपत्रवाला मार्फत/व्यक्तिगत प्रयासमा .................................... मुलुकको ............................... स्थित ........................................................ मा काम गर्न गएकोमा करारपत्रमा उल्लेख भएको काम र पारिश्रमिक नदिएको/खान लाउन नदिएको/कुटपिट एवं हिंसामा परेको/दुर्घटनामा परी काम गर्न नसक्ने भएको हुँदा मेरो नाता ........................ पर्ने श्री ............................. लाई उद्धार गरिदिने व्यवस्थाको लागि देहायको विवरण एवं आवश्यक कागजातको प्रतिलिपि संलग्न गरी अनुरोध गरेको छु ।

(क) कामदारको

(१) नाम/थर :

(२) स्थायी ठेगाना :

(३) राहदानी नम्बर :

(४) सम्पर्क नम्बर :

(ख) श्रम स्वीकृति लिएको मिति :

(ग) कम्पनी/व्यक्तिको नाम, ठेगाना र टेलिफोन नम्बर :

(घ) इजाजतपत्रवाल संस्था (मेनपावर) नाम र ठेगाना :

(ङ) करार संभौताको मिति :

(च) उद्धार गर्न आवश्यक भएको पुष्ट्याई गर्ने कागजात
(छ) वडा कार्यालयको सिफारिस

**उद्धार गर्नु पर्ने कारण (विस्तृत विवरण) :**

सहिछाप

दायाँ बायाँ

निवेदक

हस्ताक्षर :

नाम थर :

नाता :

सम्पर्क नं. :

मिति : २०......।......।..... जिल्ला .................. गा.पा./न.पा. .......................... वडा. नं. ......

**अनुसूची २**

**(भाग ३ को दफा ३ बमोजिम)**

(वैदेशिक रोजगारमा गएका कामदारका परिवारले स्वास्थ्य उपचार सहयोगको लागि दिने निवेदन)

**श्री प्रमुख प्रशासकीय अधिकृत**

**इलाम नगरकार्यपालिकाको कार्यालय, इलाम ।**

| उपचार सहयोगको लागि निवेदन दिँदा पेश गर्नुपर्ने कागजालहरुको विवरण | | |
|---|---|---|
| १ | कामदारको पासपोर्ट को प्रतिलिपि | |
| २ | Arrival/Departure देखीने प्रमाण | |
| ३ | विरामी भएको व्यक्तिको नागरीकताको प्रतिलिपी | |
| ४ | कामदार र विरामी व्यक्ति विचको नाता प्रमाणित पत्र (सम्बन्धित स्थानीय तहको सिफारिस पत्र) | |
| ५ | विरामीलाई आर्थिक समस्या परेको स्वघोषणा पत्र | |
| ६ | विरामीको रोग स्पष्ट खुल्ने गरी सरकारी अस्पतालमा जाँच गरेको प्रमाण वा मान्यता प्राप्त चिकित्सकको प्रेस्किप्सन वा सिफारिस पत्र | |
| ७ | बिरामीको वैङ्क खाता खुल्ने कागजालको प्रतिलिपि | |

सुरक्षित आप्रवासन आपतकालिन कोष संञ्चालन निर्देशिका २०७९ को भाग ३ को दफा ३ बमोजिम वैदेशिक रोजगारमा गएका कामदारका परिवारलाई स्वस्थ्य उपचार सहयोग सम्बन्धी मापडण्ड, २०७३ को दफा ७ बमोजिम देहायका कागजात संलग्न गरी औषधी उपचारका लागि अनुरोध गर्दछु ।

**१) कामदारको:**

क) नाम थर :

ख) राहदानीको नं :

ग) नागरिकता नं. :

घ) वैदेशिक रोजगारमा गएको मुलुक :

ङ) श्रम स्वीकृती मिति :

च) गएको मिति :

**२) विवेदक (सम्बन्धित कामदारका परिवार)**

क) नाम थर :

ख) ठेगाना :

ग) नागरिकता नं :

घ) कामदार संगको नाता :

ङ) लागेको रोग :

च) उपचार गरेको अस्पताल:

**३) निवेदकको बाबु/आमाको नामः**

**४) पति/पत्नीको नामः**

यो निवेदन साथ पेश गरेका कागजातहरु ठिक दुरुस्त छन् पछि परक पर्न गएमा कानुनवमोजिम सहुँला बुझाउँला

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

**निवेदक**

हस्ताक्षर :

नाम थर :

सम्पर्क नं. :

मितिः २०..../....../.....  ............................................ जिल्ला ............... गा.पा/न.पा .......... व.डा. नं.

**अनुसूची ३**

**(भाग ३ को दफा ३ बमोजिम)**

(करार अवधिभित्र मृत्यु भएका कामदारका नजिकको हकदारले आर्थिक सहायताका लिनको लागि स्थानीय तह बाट दिइने सिफारिसको ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृत

इलाम नगरकार्यपालिकाको कार्यालय, इलाम ।

.......... प्रदेश...........जिल्ला....................म.न.पा/न.पा/गा.पा नं. ........... बस्ने ...............नाति.....................छोरा................पति/पत्नी पासपोर्ट नं. ............. का ..................................वैदेशिक रोजगारीको सिलसिलामा ......................देशका गएको र निज विदेशमा विरामी भई, बिदा वा अन्य कारणले नेपाल फर्किए पश्चात विरामी भई उपचारको क्रममा मिति .......................... मा ..........जिल्ला ............ म.न.पा./न.पा/गा.पा ......... वडा नं. मा मृत्यु भएको हो । मृतक कामदाको नजिकको हकदार निजको ................ नाताको श्री ........................ भएकाले निजको तपसील बमोजिम विवरण प्रमाणिल गरी तहाँ इलाम नगरकार्यपालिका कार्यालय बाट आर्थिक सहायताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**तपसील**

हकवालाको नामः–

हकवालाको नागरिकता प्र.प.नं. र जारी मिति

जन्म दर्ता नं. र जारी मिति( नावालकको लागि)

मृतकको ना.प्र.प.नंः–

मृतकको राहदानी नं.

**फोटो र फोटोमा समेत पर्ने गरी सिफारिशकर्ताको दस्तखत**

**नोट– हकवाला एक भन्दा बढि भएमा सबै हकवालाहरुको माथि उल्लेख भए बमोजिमकै विवरण खुलाउनु पर्नेछ ।**

अनुसूची- ४

(भाग ३ को दफा ३)

मिति : ................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
इलाम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
इलाम ।

**विषय : सान्त्वना राहत रकम भुक्तानी पाँउ ।**

मेरो ........................ नाता पर्ने श्री ....................................... राहदानी नं. ................... वैदेशिक रोजगारीका लागि मिति ..................... मा श्रम स्वीकृति लिई ......................... देशमा गएको र मिति ....................... मा उक्त देशमै मृत्यु भएको तथा विश्वव्यापी कोभिड १९ का कारणले अन्तराष्ट्रिय उडान अवरूद्ध भई शव नेपाल ल्याउन नसक्ने अवस्थामा सोही देशमा नै अन्त्येष्टि गनै मिति .................... गते सहमति प्रदान गरेकोले नगरपालिकाको मिति .............................. को निर्णय बमोजिम पाउनु पर्ने सान्त्वना राहत रकम रु ........................... (अक्षरुपी ..........................................) भुक्तानीका लागि तपशिलका कागजात संलग्न गरी निवेदन पेश गरेको छु ।

**निवेदक**
नाम :
ना.प्र.प.नं. :
ठेगाना :
मोबाइल नं. :
बैंकको नाम :
खाता नं. :

**संलग्न कागजात :**

(१) श्रम स्वीकृति पत्रको प्रतिलिपि
(२) राहदानीको प्रतिलिपि
(३) मृतकको ना.प्र.प. प्रतिलिपि
(४) मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि
(५) हकवालाको नागरिकताको प्रतिलिपि
(६) सम्बन्धित राजदुतावासबाट शबदाह गरेको व्यहोराको पत्र (NOC)
(७) स्थानिय निकायबाट हकवाला किटना गरिदिएको पत्र
(८) शवदाह गर्न सहमति दिएको सिफारिसपत्र (Affidavit letter)
(९) "क" बर्गको बैंकमा हकवालाको नागरिकता प्रमाणपत्र नम्बर समेत खुलाई स्थानिय तह वा सम्बन्धित बैंकबाट प्रमाणित गरेको बैंक खाता नम्बरको निस्सा/प्रमाण

आज्ञाले
गणेशकुमार खडका
प्रमुख प्रशासकीय अधिकृत